## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: २२-२०७९/०८०

मिति २०८०/०३/२० समय: दिनको २:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| मन माया श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८०/०३/२०** **वैठक संख्याः २२-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा
२. भूमि वर्गिकरण स्विकृत सम्बन्धमा
३. भूमि वर्गिकरण ३५ दिने सूचना प्रकाशन सम्बन्धमा
४. धरौटी सदरस्याहा गर्ने सम्बन्धमा
५. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना स्विकृत सम्बन्धमा
६. C.C.T.V. रेकर्ड तथा कन्ट्रोल पोइन्ट इलाका प्रहरी कार्यालय राख्ने सम्बन्धमा
७. घण्टाचुली पर्यटन क्षेत्र विकास आयोजनाको ठेक्का तोड्ने सम्बन्धमा
८. विपदजन्य राहत सम्बन्धमा
९. भूमीको लगत संकलन सहयोगी खाजाखाना/प्रोत्साहन भत्ता सम्बन्धमा
१०. क्वादी खानेपानी आयोजनाको रकम भुक्तानी सम्बन्धमा
११. ठेक्का म्याद थप सम्बन्धमा
१२. पत्रकार टोली सहित अध्ययन अवलोकन भ्रमण खर्च सम्बन्धमा
१३. वडा नं. ५ वुद्दिमान टोल खेल मैदान जग्गा सिमांकन खर्च सम्बन्धमा
१४. साउने कर्ताप सडक भेरिएसन अर्डर (**VO**) सम्बन्धमा
१५. वडा नं. ३ लुंग्रिङ काफलस्वारा सामुदायिक भवन निर्माण जग्गा ब्यवस्थापन र भवन निर्माणको भुक्तानी सम्बन्धमा
१६. किसानहरुलाई दुधमा अनुदान दिने सम्बन्धमा
१७. जग्गा नापजाँच गर्ने कन्ट्रोल पोइन्टको भुक्तानी सम्बन्धमा
१८. बगन्दी गाइघाटको मूलबाटो मर्मत, सुधार तथा ट्र्याक परिवर्तनको लागि भुक्तानी सम्बन्धमा
१९. देवघाट स्वास्थ्य चौकीमा "ख" वर्गको एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा
२०. एम्बुलेन्स खरिदको लागि रकम उपलब्ध गराउन सम्भव नेपाललाई अनुरोध गर्ने सम्बन्धमा
२१. अतिक्रमित जग्गाहरुको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने सम्बन्धमा
२२. सेती भतेरीघाटको नदीजन्य पदार्थ उत्खननको लागि कार्यालय समय बाहेक थप समयमा खटिएका कर्मचारीहरुलाई दैनिकि भुक्तानी दिने सम्बन्धमा
२३. विदा स्वीकृत, तलब भत्ता तथा रमाना सम्बन्धमा
२४. विगतका आ.व. मा गरेका कार्यको भुक्तानी तथा राजस्व फिर्ता सम्बन्धमा
२५. ईन्धनको भुक्तानी सम्बन्धमा

कमेश 3/22

2080/03/22

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिकाको भु-उपयोग क्षेत्र वर्गिकरण तथा योजना २०८० स्वीकृत गरियो । साथै उक्त भू-उपयोग क्षेत्र वर्गिकरण तथा योजना २०८० अनुसार कित्ताकाट, मालपोत रजिष्ट्रेशन तथा जग्गा खरिद बिक्री लगायतको काममा आवश्यक कार्यान्वयन गर्न जिल्ला मालपोत कार्यालय र नापी कार्यालय तनहुँमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** निर्णय नं. २ बमोजिमको भू-उपयोग क्षेत्र वर्गिकरण तथा योजना २०८० को नियमानुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** चाँपखोला र क्वादीखोलाबाट नदीजन्य पदार्थ उत्खननको ठेक्का लिएको बुलेट कन्स्ट्रक्सनले राखेको विड वन्ड धरौटी रकम ठेकेदारले गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी हिसाबमा मिलान गर्ने गरी धरौटी सदरस्याहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** देवघाट गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० स्वीकृत गरियो ।

**निर्णय नं. ६:** यस अघिको कार्यपालिका बैठकको निर्णय अनुसारका स्थानमा राखिएका CCTV को रेकर्ड तथा कन्ट्रोल डिभाइस गाउँपालिका र ईलाका प्रहरी कार्यालयमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** घण्टाचुली पर्यटन क्षेत्र विकास कार्यक्रम/आयोजनाको ठेक्का लिएको हेटौडा-४, मकवानपुरको मृत संजिवनी शिवशक्ति/इको जे.भी. सँगको ठेक्का सम्झौता तोड्ने र बैंक ग्यारेण्टी जफत गरी गाउँपालिका खातामा जम्मा गर्ने तथा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने विषयमा मिति २०८०।०२।३० गतेको बैठकमा निर्णय भए अनुसार नै ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नुपर्ने कुनै मनासिव कारण भएमा ७ दिन भित्रमा विश्वशनीय स्पष्टिकरण पेश गर्न पत्रिकामा सूचना प्रकाशन गरी निर्माण व्यवसायी (ठेकेदार) लाई पनि मेल मार्फत पत्र पठाइएकोमा उचित र पर्याप्त कारण सहितको जवाफ नपाएको तथा निजले गाउँपालिकामा संघीय सरकारबाट प्राप्त भएको समपुरक अनुदान समेत फ्रिज (ल्याप्स) गराई गाउँपालिकालाई आर्थिक क्षति समेत पुर्याइएकोले ठेक्का तोड्ने र बैंक ग्यारेण्टी जफत गर्ने तथा कालोसूचीमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** तपसिल अनुसारका व्यक्तिहरुलाई विपद् राहत रकम विपद राहत तथा पुनस्थापना शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

१. वडा नं. ५ देवपुरको सरिता नेपालीको घर अगाडीको सालको रुख ढलेर घरको पालि र गारोमा क्षति भएकोले रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

२. वडा नं. १ कोटा कर्ण गुरुङको मिल उद्योगमा सुख ढली क्षति पुर्याएकोले रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** भूमीको लागत संकलन गर्न वडामा खटिएका सहयोगी/सहजकर्तालाई वडा कार्यालयको सिफारिस बमोजिम खाजा खाना प्रोत्साहन स्वरुप नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** यस अघिको बैठक निर्णय बमोजिम क्वादीखोला खानेपानी आयोजनाको भुक्तानी दिनु पर्ने रकम रु. ५,७१,४८७.९०।- (अक्षरुपी पाँच लाख एकहत्तर हजार चार सय सतासी रुपैयाँ पैसा नब्बे मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** वडा नं. २ र ४ को वडा कार्यालयको घेराबार तथा मर्मत सुधार आयोजनाको ठेक्काको म्याद ४ महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** पत्रकार टोलि सहित गाउँपालिकाको विभिन्न वडामा भएको विकास निर्माण तथा भौगोलिक अवस्थाको अध्ययन अवलोकन कार्यक्रमको खर्च रु. ५४,३२५।- (अक्षरुपी चौवन्न हजार तिन सय पच्चिस रुपैयाँ मात्र) पत्रपत्रिका शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** मिति २०८०।०३।०९ गतेको कार्यपालिका बैठकको निर्णय नं. ६ बमोजिम वडा नं. ५ बद्रिमुक्ति/कालिका टोलमा पर्ने जग्गा देवघाट गाउँपालिका खेलकुद समितिले लिजमा लिएको खेल मैदान साँध/सिमाना/वाल लगाउने कार्यको रकम रु. १,६२,०००।- (अक्षरुपी एक लाख बैसाठ्ठी हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४:** साउने कर्ताप सडक आयोजनाको भेरिएसन अर्डर (VO) स्वीकृत भए अनुसारको थपघट काम बमोजिम नै कार्य भएकोले सोही अनुसार नै निर्माण व्यवसायीलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५:** वडा नं. ३ ल्हुङग्रिङ कराङ्गस्वारा टोल विकास संस्थालाई जग्गादाता उदि बहादुर थापा मगरले ०.४.१.२ क्षेत्रफल जग्गा निःशुल्क रजिष्ट्रेशन पास गरिदिने पत्र/तम्सुक पत्र र वडा नं. ३ वडा कार्यालयको पत्र प्राप्त भएकोले सोही आधारमा सोही जग्गामा निर्माण भएका ल्हुङग्रिङ कराङ्गस्वारा सामुदायिक भवनको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६:** बजार प्रवर्द्धन सहकारी मार्फत अदुवा, बेसारमा ढुवानी अनुदान कार्यक्रम, बेसार पिसानी तथा प्याकेजिङ्गका लागि मेशिन अनुदान कार्यक्रम - २ लाख बाट तपसिल अनुसारको कार्यक्रम नगद अनुदान दिने निर्णय गरियो ।

<u>तपसिल</u>

१) चक्रवर्ति सामाजिक महिला उद्यमी सहकारी संस्था - रु. १,३४,३३६.०३।- (अक्षरुपी एक लाख चौतिस हजार तिन सय छत्तिस रुपैयाँ तिन पैसा मात्र)

२) गोहिटार कृषि सहकारी संस्था - रु. ६३,३५५.२१।- (अक्षरुपी त्रिसाठ्ठी हजार तिन सय पच्पन्न रुपैयाँ एक्काईस पैसा मात्र)

**निर्णय नं. १७:** राष्ट्रिय भूमी आयोग जिल्ला कार्य समिति, तनहुँबाट वडा नं. ५ को छुट तथा वडा नं. २, ३ र ४ मा जग्गा नापजाँच गर्न परामर्शदाताबाट स्थापना भएको कन्ट्रोल पोइन्टको रकम रु. ४,८३,०००।- (अक्षरुपी चार लाख त्रियासी हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** वडा नं. ५ बगन्दी गाइघाटको मूलबाटो मर्मत सुधार तथा ट्र्याक परिवर्तन गर्ने कामको रु. ११,२८,०००।- (अक्षरुपी एघार लाख अट्ठाईस हजार रुपैयाँ मात्र)चौकीडाँडा सामुदायिक वन उपभोक्ता समुहलाई मर्मत तथा चालू/भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** देवघाट स्वास्थ्य चौकीबाट एम्बुलेन्स संचालन गर्न माग भई आएकोले 'ख' वर्ग एम्बुलेन्स खरिद गरी उपलब्ध गराउने तथा अनुमतिको लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्ने र अनुमति माग्ने निर्णय गरियो ।

**निर्णय नं. २०:** निर्णय नं. १९ बमोजिम एम्बुलेन्स खरिद गर्न आवश्यक पर्ने रकम उपलब्ध गराउन सम्भव नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:** वडा कार्यालयहरुबाट प्राप्त अतिक्रमित भएका सार्वजनिक जग्गाको विवरणको बारेमा जानकारी भयो । उक्त विवरण जिल्ला प्रशासनिक कार्यालयमा पठाउने निर्णय गरियो । साथै सम्बन्धित वडा कार्यालयले सार्वजनिक जग्गा संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:** नदीजन्य पदार्थ उत्खननको लागि बिल, टोकन दिने लगायतको काममा कार्यालय समय बाहेक बिहान, बेलुकी र विदाको दिनमा खटिने ३ जना कर्मचारीहरुलाई दैनिक रु. ४००।- का दरले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३:** यस कार्यालयको स्वीकृत दरबन्दीमा कार्यरत रहनु भएका लेखा अधिकृत श्री उमानाथ ढकाल म.ले.नि.का. को मिति २०७९।१२।३०, च.नं. ३९३ को पत्र अनुसार जगदुल्ला हाइड्रोपावर क.लि. बानेश्वरमा कामकाज गर्न खटाइएको पत्र यस कार्यालयमा प्राप्त भए बमोजिम निजलाई मिति २०८०।०१।१४ गते देखि लागू हुने गरि रमाना दिइएकोमा कामकाज गर्न खटाइएको कार्यालयमा हाजिर हुन दरबन्दी नभएको कारण निजलाई म.ले.नि.का. को मिति २०८०।०३।१५ को निर्णय तथा पत्रबाट पुनः सिंहदरबार वैद्यखाना विकास समिति, अनामनगरमा कामकाज गर्न खटाइएको प.सं. क.प्र.१/०७९।८०, च.नं. ४७५ को पत्र संलग्न गरी मिति २०८०।०१।१४ देखि २०८०।०३।१४ सम्मको बिचको अवधि विदा स्वीकृत गरी पाउँ भनी मिति २०८०।०३।१५ मा यस कार्यालयमा निवेदन दिनु भएकोले निजको निवेदन र म.ले.नि.का. को पत्रको आधारमा निजको मिति २०८०।०१।१४ देखि २०८०।०३।१४ सम्म घर विदा स्वीकृत गर्ने, तलब भत्ता भुक्तानी गर्ने तथा रमाना दिने निर्णय गरियो ।

**निर्णय नं. २४:** आ.व. २०७९।०८० भन्दा अघि गरेका कामको भुक्तानी पाउन एस.आर. निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि., देवघाट-५, खगेन्द्र शर्मा, देवघाट - ५, कछार क्षेत्र सुन्तला पकेट संचालन समन्वय समिति, देवघाट-३ हरुले दिएका निवेदन तथा राजस्व फिर्ता पाउन सन्ध्या सन्देश निर्माण सेवाले दिएको निवेदन माथि मिति २०७९।०९।२९ मा गठन भएको छानबिन समितिले दिएको प्रतिवेदन अनुसार निवेदकहरुको दाबी अनुसार भुक्तानी दिन नसकिने तथा सन्ध्या सन्देश तर्फबाट रकम फिर्ता मागको दाबिका सम्बन्धमा राजस्व रकम फिर्ता नदिने निर्णय गरियो ।

**निर्णय नं. २५:** साविक शिर्षकमा बजेट नपुग भएकोले ईन्धनको लागि चालु भैपरी शिर्षकबाट रु. २,००,०००।- (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।